# नेपालबाट प्रस्थान गरि दक्षिण कोरिया प्रवेश गर्ने विदेशी नागरिकले कोरोना टेस्टको नेगेटिभ रिपोर्ट अनिवार्य बुझाउन पर्ने सम्बन्धी सूचना

१. २०२०.११.२ (सोमबार) ० बजेदेखि नेपालबाट प्रस्थान गरि (तेस्रो मुलुक ट्रान्जिट भएकापनि समावेश) दक्षिण कोरिया आगमन गर्ने सम्पूर्ण विदेशीले कोरोना परिक्षण (PCR नेगेटिभ रिपोर्ट)को नेगेटिभ रिपोर्टको सक्कल बुझाउनु पर्ने छ ।

- कोरोना नेगेटिभ रिपोर्ट जारी सम्बन्धी मापदण्ड, कोरोना जाँच गर्नको लागि तोकिएको स्वास्थ्य संस्थाको जानकारीको लागि दक्षिण कोरियाली दूतावासको वेबसाइटको लिङ्कमा जानुहोस् ।

http://overseas.mofa.go.kr/np-en/brd/m_1716/view.do?seq=758924

२. अस्थायीरुपमा नेपाल आएका E-9 श्रमिकहरु (कार्यस्थल परिवर्तन गरेका, बिदामा आएका) कोरिया प्रस्थान गर्दा हाम्रो सेन्टरबाट जारी भएको 'सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट' साथमा लिएर जानुपर्छ ।

३. कोरोना संक्रमण बढेको कारण सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारीको निमित्त गरिने निरिक्षणमा कडाई गरिएकोले निरिक्षणमा केहि समय लाग्ने छ । अपेक्षित दिनमा कोरिया प्रवेश गर्नको लागि कम्तीमा ३ हप्ता जतिको पर्याप्त समय राखी सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेटको निवेदन दिनुहोस् ।

- चाहेको दिनमा सर्टिफिकेट जारी नहुन सक्ने भएकोले हवाईजहाजको टिकट काट्नु पर्दैन । टिकट बुकिङमात्र गरि बुकिङ अनुसार फाराम भरे हुन्छ । सेल्फ क्वारेन्टिन कन्फर्मेशन सर्टिफिकेट जारी भएको मितिबाट ३० दिन भित्र दक्षिण कोरिया प्रवेश गर्न सक्नुहुने छ ।

२०२०.१०.२९

**नेपाल ई पि एस सेन्टर प्रमुख, एच आर डि कोरिया**